# दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावना:** मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको माध्यमबाट स्वास्थ्य सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश सुशासन नियमावली, २०७९ को नियम ८ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "दूर चिकित्सा सेवा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अपरेटर" भन्नाले हव अस्पतालको दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कक्षमा कार्यरत प्यारामेडिक्स वा नर्सिङ योग्यता भएको व्यक्ति सम्झनु पर्छ।

(ख) "उपसमिति" भन्नाले दफा १४ बमोजिम गठन भएको दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालन उपसमिति सम्झनु पर्छ।

(ग) "दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा" भन्नाले श्रव्य दृश्य वा अन्य सञ्चार माध्यमबाट एक स्थानमा रहेको चिकित्सक वा स्वास्थ्यकर्मीले सेवा प्रदान गर्ने क्रममा थप ज्ञान, सीप आवश्यक परेमा सम्बन्धित विषयमा विशेषज्ञता हाँसिल गरेको अर्को स्थानमा रहेको चिकित्सक वा स्वास्थ्यकर्मीबाट लिने परामर्श वा उपचार सहयोग सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा १२ बमोजिम गठन भएको गुणस्तर नियमन समिति सम्झनु पर्छ।

(च) "सेवा प्रदायक संस्था" भन्नाले दूरचिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्था सम्झनु पर्छ।

(ज) "हव अस्पताल" भन्नाले विशेषज्ञ स्वास्थ्य सेवा प्रदायक कर्णाली प्रदेश अस्पताल सम्झनु पर्छ र सो शब्दले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान समेतलाई जनाउँछ।

३. **दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम:** (१) मन्त्रालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न सेवा प्रदायक संस्था र हव अस्पतालमा छुट्टै कक्षको स्थापना गर्नु पर्नेछ।

४. **दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा प्रक्रिया:** (१) सेवा प्रदायक संस्थामा उपचारका लागि आएका सेवाग्राहीको उपचारको क्रममा थप विशेषज्ञको सेवा वा परामर्श आवश्यक परेमा सेवा प्रदायक संस्थाले दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको लागि हव अस्पतालमा सम्पर्क गर्नु पर्नेछ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिम हव अस्पतालमा सम्पर्क राख्दा आधिकारिक सफ्टवेयर,टेलिफोन, वाट्सएप, फेसवुक, भाइवर, स्काइप जस्ता भिडियो कन्फरेन्सिङ्ग एप्स् मार्फत् राख्नु पर्नेछ।

(३) सेवा प्रदायक संस्थाले हव अस्पतालमा सम्पर्क गर्दा सेवाग्राहीको हालसम्मको स्वास्थ्य सम्बन्धी प्रतिवेदन र स्वास्थ्य अवस्थाको बारेमा अपरेटरलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) को जानकारीको आधारमा अपरेटरले रोगसँग सम्बन्धित विशेषज्ञ चिकित्सकसँग भिडियो तथा अडियो मार्फत् सम्पर्क गर्ने व्यवस्था गर्नु पर्नेछ।

(५) विरामीले उपलब्ध गराएको जानकारी र स्वास्थ्य सम्बन्धी प्रतिवेदनको आधारमा चिकित्सकले विद्युतीय माध्यमबाट परामर्श दिनु पर्नेछ।

५. **भौतिक पूर्वाधार तथा उपकरण:** (१) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा प्रदान गर्ने हव अस्पताल र सेवा प्रदायक संस्थाको भौतिक पूर्वाधार तथा उपकरण अनुसूची-१ बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम भौतिक पूर्वाधार तथा उपकरणको खरिद गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही प्रचलित कानून बमोजिम खरिद गर्नुपर्नेछ।

६. **जनशक्तिको व्यवस्थापन:** (१) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालनका लागि हव अस्पतालमा चिकित्सक सहितको छुट्टै दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा शाखा रहनेछ।

(२) हव अस्पताल प्रमुख आफै वा निजले तोकेको चिकित्सकलाई दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालनको जिम्मेवारी तोक्नेछ र सो व्यक्तिले दूर चिकित्सा सम्पर्क व्यक्ति रुपमा कार्य गर्नेछ।

(३) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा शाखाको जनशक्ति अनुसूची-२ बमोजिम हुनेछ। जनशक्तिको व्यवस्थापन गर्दा हव अस्पतालमा रहेको मौजुदा जनशक्तिबाट व्यवस्थापन गर्नुपर्नेछ।

७. **चिकित्सकको रोष्टर सूची तयार:** (१) हव अस्पतालको दूर चिकित्सा सम्पर्क व्यक्तिले मासिक रुपमा दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालनका लागि विशेषज्ञ चिकित्सकको रोष्टर तयार गरी हव अस्पताल प्रमुखबाट स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम हव अस्पतालको विशेषज्ञ चिकित्सकको रोष्टर तयार गर्दा दैनिक कम्तीमा दुई जना विशेषज्ञ चिकित्सक रहने गरी गर्नु पर्नेछ।

८. **सेवा शुल्क:** सेवा प्रदायक संस्था वा हव अस्पतालबाट दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा प्रदान गर्दा कुनै थप शुल्क लाग्ने छैन।

९. **<u>सेवा सुविधा सम्बन्धी व्यवस्था:</u>** हब अस्पतालको रोष्टरमा रहेका विशेषज्ञ चिकित्सकले चिकित्सकीय परामर्श दिए वापत प्रति दिन प्रति चिकित्सक रु.एक हजार थप भत्ता उपलब्ध गराउन सकिनेछ।

१०. **<u>क्षमता विकास:</u>** मन्त्रालयले दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको प्रभावकारिताको लागि दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य शाखामा कार्यरत जनशक्तिको आवश्यकता अनुसार समय समयमा क्षमता विकास तालिम सञ्चालन गर्नु पर्नेछ।

११. **<u>सेवा प्रदायकको काम, कर्तव्य र अधिकार:</u>** दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा प्रदायकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक सेवाग्राहीलाई समान रुपमा सेवा प्रदान गर्नु पर्नेछ।

(ख) सेवाग्राहीसँग अनुसूची-३ बमोजिमको ढाँचामा स्वीकृति लिएर मात्र विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्नु।

(ग) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाबाट उपचार गराउँदा विरामीको अवस्था थप जटिल हुने अवस्था सिर्जना भएमा तत्काल विशिष्टिकृत अस्पतालमा प्रेषण गर्नु।

१२. **<u>गुणस्तर नियमन समिति:</u>** (१) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितता अभिबृद्धि तथा नियमन गर्न देहाय बमोजिमको एक गुणस्तर नियमन समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | अस्पताल निर्देशक, प्रदेश अस्पताल | -सदस्य |
| (ग) | अस्पताल निर्देशक, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान | -सदस्य |
| (घ) | निर्देशक, स्वास्थ्य सेवा निर्देशनालय | -सदस्य |
| (ङ) | प्रमुख, स्वास्थ्य सेवा महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(३) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको प्रभावकारिताको लागि आवश्यक मार्गदर्शन गर्ने,

(ख) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको नियमित अनुगमन तथा सुपरीवेक्षण गर्ने वा गराउने,

(ग) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्न सहजीकरण गर्ने।

१४. **<u>दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालन उपसमितिः</u>** (१) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालन गर्ने हव अस्पतालमा देहाय बमोजिमको दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालन उपसमिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रमुख, अस्पताल | -अध्यक्ष |
| (ख) | विभागीय प्रमुख | -सदस्य |
| (ग) | प्रमुख, नर्सिङ्ग शाखा | -सदस्य |
| (घ) | प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ङ) | मेडिकल रेकर्डर | -सदस्य |
| (च) | दूर चिकित्सा सम्पर्क व्यक्ति | -सदस्य-सचिव |

(२) उपसमितिले आवश्यकता अनुसार विषय विज्ञलाई उपसिमितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपसमितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपसमितिको बैठक सम्बन्धी कार्यविधि सो उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **<u>उपसमितिको काम, कर्तव्य र अधिकार</u>**ः उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको सहज सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सञ्चालनमा देखिएका समस्याको समाधान गर्ने।

१६. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको प्रभावकारिता सुनिश्चितता र अभिबृद्धि गर्न अनुगमन तथा मूल्याङ्कन मन्त्रालय र स्वास्थ्य सेवा निर्देशनालयले संयुक्त रुपमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्दा मन्त्रालयको स्वास्थ्य सेवा महाशाखा प्रमुखको संयोजकत्वमा अनुगमन समिति गठन गर्नु पर्नेछ।

(३) सेवा प्रदायक संस्थाले अर्धबार्षिक रूपमा दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा कार्यक्रमको समिक्षा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम समिक्षा गर्दा दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवाको अवस्था, जनशक्ति व्यवस्थापन, वित्तीय अवस्था, उपकरण तथा अन्य आपूर्ति, सूचना व्यवस्थापनका समग्र दूर चिकित्सा चिकित्सा सेवाको प्रभावकारितालाई आधार मान्नु पर्नेछ।

१७. **<u>अभिलेख तथा प्रतिवेदन राख्नेः</u>** (१) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्था र हव अस्पतालले सेवा प्रदान गर्ने चिकित्सक, प्रदान गरेको सेवा र सेवाग्राहीको विस्तृत विवरण अनुसूची-४ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विवरण सहितको प्रतिवेदन मासिक रुपमा महिना समाप्त भएको सात दिन भित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

१८. **बजेट व्यवस्थापनः**(१) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालन गर्न मन्त्रालयले वार्षिक स्वीकृत वजेट तथा कार्यक्रम बमोजिम बजेट व्यवस्थापन गर्नेछ।

(२) दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा सञ्चालन गर्दा अनुसूची-५ बमोजिमको खर्च शीर्षकमा मात्र खर्च गर्नु पर्नेछ।

१९. **गोपनियता सम्बन्धीः** दूर चिकित्सा तथा विद्युतीय स्वास्थ्य सेवा प्रदान गर्दा सेवाग्राहीको स्वास्थ्य अवस्था, निदान, उपचार लगायतका सूचना गोप्य राख्नु पर्नेछ।

२०. **संशोधन सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधि संशोधन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम संशोधन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति लिनु पर्नेछ।

अनुसूची-१

(दफा ५ को  उपदफा (१) सँग सम्बन्धित)

## भौतिक पूर्वाधार र उपकरण

### १ स्वास्थ्य सेवा प्रदायक संस्थाको भौतिक पूर्वाधार

| क सं | मापदण्डको आधार | कैफियत |
|---|---|---|
| १ | दूर चिकित्सा सेवा कोठा | १ वटा |
| २ | अपरेटर कोठा | १ वटा |
| ३ | डेस्क तथा टेबुल | २ वटा |
| ४ | कुर्सी | ३ वटा |
| ५ | ल्यान्डलाइन फोन | १ सेट |
| ६ | पावर व्याकअप (नभएको स्थानका लागि मात्र व्यवस्थापन) | १ सेट |

### २ स्वास्थ्य उपकरण

| क सं | मापदण्डको आधार | विशिष्टता |
|---|---|---|
| १ | डेस्कटपः कम्तीमा १ सेट | १७" १७, पछिल्लो जेनेरेशन |
| २ | डेडिकेटेड इन्टरनेट | High Speed |
| ३ | ट्याबलेटः ३ थान (जिल्ला अस्पतालका लागि १ थान मात्र) | एन्ड्रोइड अपरेटिङ्ग सिस्टम |
| ४ | ल्यान्डलाइन फोन | १ सेट |
| ५ | फोटोकपी मेशिन (स्क्यानर सहित) | एच डी क्वालिटी |
| ६ | भिडियो कन्फरेन्स प्रणाली १ सेट | एच डी क्वालिटी |
| ७ | आवश्यकता अनुसार टेलिमेडिसिन किट | १ थान |

अनुसूची-२

(दफा ६ को  उपदफा (३) सँग सम्बन्धित)

**जनशक्ति व्यवस्थापन**

| **क सं** | **मापदण्डको आधार** | **संख्या** |
|---|---|---|
| १ | सिनियर चिकित्सकः सम्पर्क व्यक्ति | १ जना |
| २ | विशेषज्ञ चिकित्सकः रोष्टर अनुसार | आवश्यकता अनुसार |
| ३ | सूचना व्यवस्थापन अधिकृत (सेवा करारमा) | १ जना |
| ४ | मेडिकल रेकर्डर | १ जना |
| ५ | अपरेटर (प्यारामेडिक्स/नर्सिङ्ग) | २ जना |
| ६ | कार्यालय सहयोगी | १ जना |

अनुसूची-३

(दफा १० को  खण्ड (ख) सँग सम्बन्धित)

**<u>लिखित सहमतिको नमूना</u>**

म/मेरो ________________________ उपचारका क्रममा विशेषज्ञ परामर्श सेवा आवश्यक भएकाले यस स्वास्थ्य संस्थाबाट प्रदान गरिने दूर चिकित्सा सेवा मार्फत विशेषज्ञ परामर्श सेवा लिन सहमति प्रदान गर्दछु ।

_______________________________

हस्ताक्षर

नामः                                                                                          कार्यालयको छाप

ठेगानाः

मितिः

विरामीसँगको नाता (यदि बिरामी अशक्त, नावालक भएकोमा )

अनुसूची-४

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

## सेवाग्राहीको अभिलेखको ढाँचा

अस्पतालको नामः

प्रदेशः जिल्ला प्रतिवेदन गरेको महिनाः

| सेवाग्राही जम्मा संख्या | सेवाको किसिमः सफ्टवेयर/अनलाइन एप्स्/टेलिफोन | अन्तरंग विभागबाट सेवा दिएको संख्या | बहिरंग विभागबाट सेवा दिएको संख्या | इमर्जेन्सीबाट सेवा दिएको संख्या | दूर चिकित्सा शिक्षा/सिएमई सञ्चालन भएको पटक |
|---|---|---|---|---|---|
| | | | | | |

| विशेषज्ञ सेवा प्रदान गरिएको क्षेत्र | संख्या |
|---|---|
| General Medicine | |
| Surgery | |
| Obstetrics/Gynecology | |
| Pediatric | |
| Orthopedics | |
| Dermatology | |
| Neurology | |
| Psychiatric | |
| Other Services (If any Specify) | |

प्रतिवेदन तयार गर्नेको नामः स्वीकृति गर्नेको नामः

अनुसूची-५

(दफा २० सँग सम्बन्धित)

**खर्च शिर्षक**

| क सं | खर्चका क्षेत्र |
|---|---|
| १ | करार सम्झौतामा उल्लेख भए बमोजिमको जनशक्तिका लागि पारिश्रमिक |
| २ | चिकित्सकीय परामर्श सेवा |
| ३ | दूर चिकित्सा सेवा सञ्चालक व्यक्ति मासिक न्यूनतम पारिश्रमिक |
| ४ | बैठक बर्षमा अधिकतम वाह्र वटासम्मको प्रचलित नियम अनुसारको पारिश्रमिक |
| ५ | HMIS/DHIS/विद्युतीय स्वास्थ्य अभिलेख |
| ६ | योजना तर्जुमा तथा कार्यक्रमको समिक्षा |
| ७ | अनुगमन तथा मूल्याङ्कन |
| ८ | अध्ययन अनुसन्धान तथा स्रोत केन्द्र व्यवस्थापन (मन्त्रालयको हकमा) |
| ९ | अध्ययनका आधारमा पावर व्याकअप सुदृढिकरण/मर्मत सम्भार (जेनेरेटर बाहेक) |